प्रदेश सरकार (म.प.) को मिति २०७५।१२।१३ को निर्णयबाट स्विकृत

# सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५

**तयार पार्ने**

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**

धनगढी, कैलाली

प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय धनगढी, कैलाली, नेपाल २०७४

# सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५

निर्माण सामाग्रीको रूपमा रहेको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर जस्ता नदीजन्य पदार्थ लगायतका प्राकृतिक स्रोतको दिगो व्यवस्थापन र सदुपयोग गर्न बाञ्छनीय भएकोले प्रदेशको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन २०७५ को दफा १५ कार्यान्वयन गर्न सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधी, २०७५" रहेको छ ।

(२) यो कार्यविधि सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ ।

(३) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) "अनुगमन समिति" भन्नाले दफा १६ बमोजिमको प्रादेशिक निर्देशक समिति वा दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति वा दफा १८ बमोजिमको स्थानीय अनुगमन समिति सम्झनु पर्छ ।

(ख) "आर्थिक ऐन" भन्नाले प्रदेश सरकार, सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन सम्झनु पर्दछ ।

(ग) "उद्योग" भन्नाले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर सङ्कलन गरी टुक्र्याउने, फुटाउने वा पेल्ने वा कम्तिमा एक तह प्रशोधन गर्ने मेशिन औजार जडित उद्योगलाई सम्झनु पर्छ र सो शब्दले क्रसर उद्योग/फिरफिरे, रिफाईनरी गर्ने उद्योग समेतलाई जनाउनेछ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सम्झनुपर्दछ ।

(ङ) "कार्ययोजना" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम तयार हुने कार्ययोजना भन्ने सम्झनुपर्दछ ।

(च) "घाटगद्दी" भन्नाले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर सङ्कलन वा उत्खनन् वा प्रशोधन गरी नाप पैमाईस गर्न वा अस्थायी भण्डारका लागि तोकिएको स्थानलाई सम्झनु पर्छ ।

(छ) "ढुवानीजन्य भार सीमा" भन्नाले ढुङ्गा, गिट्टी, वालुवाको ढुवानी गर्ने साधनले प्रयोग गर्न पाउने गरी तोकिएको अधिकतम भार क्षमताको सीमा भन्ने सम्झनु पर्दछ ।

(ज) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन् वा सङ्कलन गरिने बहुमूल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्वका शीला र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, बालुवा, रोडा, गेग्रान, चट्टान, माटो, चुनढुङ्गा, स्लेट ढुङ्गा जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदी तथा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनु पर्छ ।

(झ) "परिमाणात्मक विवरण" भन्नाले ढुङ्गा, गिट्टी, बालुवाको निकासी गर्न पाउने अधिकतम सीमा भन्ने सम्झनु पर्दछ ।

(ञ) “प्रदेश” भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ट) “प्रारम्भिक वातावरणीय परिक्षण” भन्नाले वातावरण संरक्षण ऐन, २०५३ तथा प्रचलित प्रदेश कानुन बमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण सम्झनु पर्छ ।

(ठ) “प्राकृतिक श्रोत कर” भन्नाले वनक्षेत्र बाहिर उत्खनन् सङ्कलन भएका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त रकमलाई जनाउने छ । यो शब्दले निजी जग्गाबाट व्यवसायिक प्रयोजनका लागि सङ्कलन तथा बिक्री भएको नदीजन्य पदार्थ वापत प्राप्त हुने सेवा शुल्क समेत सम्झनु पर्दछ ।

(ड) “मन्त्रालय” भन्नाले सुदूर पश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनुपर्छ ।

(ढ) “मापदण्ड” भन्नाले दफा ४ बमोजिमको दुरी सम्बन्धी मापदण्ड सम्झनु पर्छ ।

(ण) “राजस्व” भन्नाले राष्ट्रिय वनक्षेत्रबाट उत्पादित नदीजन्य पदार्थ र दहत्तर वहत्तर लगायतका वन पैदावर बिक्रीबाट प्राप्त हुने सरकारी रकम सम्झनु पर्दछ ।

(त) “वातावरणीय प्रभाव मूल्यांकन” भन्नाले वातावरण संरक्षण ऐन, २०५३ तथा प्रचलित प्रदेश कानुन बमोजिमको वातावरणीय प्रभाव मूल्यांकन भन्ने सम्झनु पर्छ ।

(थ) “सम्बन्धित निकाय” भन्नाले ढुंगा, गिटी, बालुवाको संकलनका लागि अनुमति, सहमति तथा स्विकृति दिने गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा डिभिजन वन कार्यालय वा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा अधिकारप्राप्त निकाय भन्ने सम्झनुपर्दछ ।

(द) “स्थानीय तह” भन्नाले नेपालको संविधानको धारा ३०६ बमोजिमको स्थानीय तह सम्झनु पर्छ ।

## परिच्छेद २

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

३. <u>अनुमति लिनु पर्ने:</u> (१) नदीजन्य पदार्थमा आधारित वा यस्तै प्रकृतिका उद्योग स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची – १ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा अनुमतिका लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई सम्बन्धित स्थानीय तहले अनुसूची–२ बमोजिमको ढाँचामा उद्योग सञ्चालन गर्ने अनुमति पत्र दिनेछ ।

(३) उपदफा (२) को उद्योग सञ्चालन गर्ने अनुमति पत्र प्राप्त भएपछि सम्बन्धित उद्योगले प्रचलित ऐन नियमावली बमोजिम उद्योग दर्ता गर्ने निकायमा उद्योग दर्ता तथा नविकरण गरी प्रमाणपत्र लिइराख्नुपर्नेछ ।नदीजन्य पदार्थमा आधारित उद्योगहरू हरेक वर्ष नविकरण गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम अनुमतिका लागि दरखास्त दिंदा प्रचलित नेपाल तथा प्रदेश कानूनमा तोकिएका शर्त बन्देजका अतिरिक्त अनुसुची ४ बमोजिमका मापदण्ड र देहायका शर्तहरू पूरा गरेको हुनु पर्नेछ ।

(क) उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानून बमोजिम उद्योगको वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएको प्रमाण संलग्न हुनुपर्नेछ ।

(ख) उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई त्यस्ता स्रोत धनिको कच्चा पदार्थ उपलब्ध गराउने स्वीकृती वा सम्झौता सहितका प्रमाण संलग्न हुनुपर्नेछ ।

(ग) उद्योग स्थापना गर्ने स्थानको भौगोलिक अवस्थिति (जि.पि.एस. प्वाइन्ट) उल्लेख गरेको हुनुपर्नेछ ।

घ) उद्योगको क्षमता अनुसार पहाडी क्षेत्रमा न्यूनतम् दश रोपनी र तराई तथा भित्री मधेशमा कम्तीमा एक विगाहा जग्गा उद्योगको स्वामित्व वा लिज वा भाडामा रहेको हुनुपर्नेछ ।

(५) साविकमा दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुले स्थानीय निकायको पुनर्संरचना भै कायम भएका स्थानीय तहमा कार्यविधि स्वीकृत भएको मितिले ३ महिना भित्र सूचिकृत भई सञ्चालनको अनुमति लिनु पर्नेछ ।

(६) यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र भण्डारण गर्दा स्थानीय तहको आफ्नो भू–उपयोग नीति वा कार्यपालिकाले निर्णय गरे बमोजिम यस प्रयोजनको लागि छुट्टाइएको जग्गामा मात्र उत्खनन् गर्ने अनुमति दिन सक्नेछन् ।

(७) यो कार्यविधी लागू भएपछि नयाँ स्थापना हुने उद्योगहरूले वातावरणीय अध्ययन प्रतिवेदनमा संकलन गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि र श्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखांकन सहितको नाप नक्सा अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

(८) नदीजन्य पदार्थ प्रशोधन उद्योग स्थापना गर्दा साइडड्रेन र हिलो थिग्रने पोखरी (सेटिंगपोण्ड) को व्यवस्था गरेको हुनुपर्नेछ ।

(९) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरि स्थापना वा सञ्चालन गरेका, नदीजन्य पदार्थमा आधारित उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संकलन गर्ने कच्चा पदार्थको श्रोत खुलाउनुपर्ने तथा हरेक वर्षको लागि असार मसान्तभित्र त्यस्तो उत्पादनको वार्षिक विवरण अनुसुची ५ बमोजिम सार्वजनिक गरी सो को जानकारी सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ ।यस कार्यविधी बमोजिमको मापदण्ड पुरा नगर्ने उद्योगहरू तत्काल बन्द गर्न सम्बन्धित स्थानीय तहले आदेश दिनुपर्नेछ ।

(१०) यो कार्यविधी भन्दा अगावै प्रचलित कानुन बमोजिम सञ्चालनमा रहेका उद्योग वा प्रशोधन केन्द्रले यसै कार्यविधी बमोजिम दर्ता हुनुपर्नेछ ।मापदण्ड पुरा नभई सञ्चालन भएका नदीजन्य पदार्थ प्रशोधन उद्योगले तीन महिनाभित्र यो मापदण्ड बमोजिम स्थानान्तरण हुनुपर्नेछ ।दर्ता नभई सञ्चालनमा रहेका र उक्त अवधिभित्र स्थानान्तरण नहुने उद्योग स्वतः खारेज हुनेछ ।

(११) नदीजन्य प्रशोधन उद्योगले आफ्नै खर्चमा नजिकको वन कार्यालयको सहयोग लिई प्रशोधन गर्ने क्षेत्र वरिपरि कम्तिमा दुई तहको वृक्षरोपण वा सेल्टरवेल्ट स्थापना गर्नुपर्नेछ ।

(१२) प्रशोधनकर्ताले सुर्योदयदेखी सुर्यास्तसम्मको समयमा मात्र प्रशोधन गर्न पाइनेछ ।प्रशोधित पदार्थको स्टक चेकजाँच स्थानीय तहले गर्नुपर्नेछ ।

(१३) उद्योगले अनुगमन समितिलाई अनुगमन कार्यमा पुर्ण सहयोग गर्नुपर्नेछ ।

(१४) उद्योग सञ्चालन गर्दा निस्केको धुलो, फोहर, आदिलाई प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने गर्नुपर्नेछ ।

(१५) माथि उल्लेखित व्यवस्था कार्यान्वयन नगर्ने उद्योगलाई सम्बन्धीत स्थानीय तहले स्पष्टीकरण लिई तत्काल बन्द गर्ने आदेश दिनुपर्नेछ ।

४. **<u>दुरी सम्बन्धी मापदण्ड</u>** (१) नदीजन्य पदार्थको सङ्कलन, प्रशोधन, भण्डारण कार्य गर्दा अनुसूची (३) तथा नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन गर्दा अनुसूची (४) मा उल्लेखित दुरी सम्बन्धी मापदण्ड लागू हुनेछ ।

(२) यस कार्यविधीमा उल्लेख गरिएका बाहेक उद्योग दर्ता र सञ्चालन सम्बन्धी अन्य विषयको हकमा प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(३) हाल सञ्चालनमा रहेका उद्योगले तीन महिना भित्र यस मापदण्ड अनुसार व्यवस्थापन गरी सञ्चालन गर्नु पर्नेछ । यस कार्यविधी बमोजिम मापदण्ड पुरा नगर्ने उद्योगी, व्यवसायीले तिर्नुपर्ने रकम नतिरेको भए सरकारी रकम बाँकी सरह असुल उपर गर्ने प्रकृया अगाडी बढाई उक्त उद्योग तत्काल बन्द गर्न सम्बन्धीत स्थानीय तहले आदेश दिनुपर्नेछ । दर्ता नभई संचालनमा रहेका र उक्त अवधिभित्र तोकिएको मापदण्ड पुरा नगर्ने उद्योग स्वतः खारेज हुनेछ । साथै उद्योगको हकमा संकलनको परिमाण एकिन गरी सो को लाग्ने करको लगत कसी सम्बन्धीत स्थानीय तहले सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

(४) यो कार्यविधी बमोजिमको दुरीको मापदण्ड पालना नगर्ने साथै तोकिएको स्थानमा उद्योग संचालन गर्ने उद्योगहरूलाई तोकिएका शर्तहरू पालना गर्न लगाउने र यसको नियमित एवं प्रभावकारी रूपमा अनुगमन गर्ने दायित्व सम्बन्धित स्थानीय तह र अनुगमन समितिको हुनेछ । प्रचलित शर्तको उल्लंघन गर्ने उद्योगलाई स्थानीय तहले बन्द गर्ने आदेश दिन सक्नेछ ।

## परिच्छेद ३

## संकलन र घाटगद्दी सम्बन्धी व्यवस्था

५. **<u>कार्ययोजना बनाउनेः</u>** (१) प्रत्येक स्थानीय तहले देहायका कुराहरू समावेश गरी नदी जन्य पदार्थको संकलन, घाटगद्दी र बिक्रि वितरण सम्बन्धी वार्षिक रूपमा कार्ययोजना बनाउनु पर्नेछ ।

(क) संवेदनशीलताको आधारमा सङ्कलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) पुर्वाधार निर्माणको लागि चाहिने परिमाण, स्रोतको उपलब्धता र दिगो संकलन गर्न सकिने परिमाण ।

(ग) भण्डारण वा घाटगद्दी स्थल ।

(घ) सङ्कलनको विधी र उपयोग हुने औजार ।

(ङ) स्थानीय तहले प्राप्त गर्ने अनुमानित आर्थिक लाभ र रोजगारीको सिर्जना।

(च) ढुवानीको लागि प्रयोग हुने वाटो एवं निकासी गर्ने नाका।

(छ) नदीजन्य पदार्थको ढुवानी गर्न अनुमति दिन सकिने सडकहरुको अधिकतम ढुवानीजन्य भार सीमा ।

(ज) स्थानीय तहको के कुन स्थानबाट के कति परिमाणमा नदीजन्य पदार्थ संकलन, प्रशोधन र भण्डारण गर्न दिने हो सोको स्थान अनुसारको परिमाणगत विवरण ।

(झ) उत्पादीत नदीजन्य पदार्थ मध्ये आन्तरिक बजारमा खपत गर्ने र अन्य जिल्लामा निकासी गर्न सकिने परिमाणात्मक विवरण ।

(ञ) तोकिएको क्षेत्र एवं वस्ति वरपर नदी जन्य पदार्थ बोकेको सवारी साधन पार्किङ गर्न पाउने र नपाउने स्थान विशेषको विवरण ।

(ट) स्थानीय तह भित्रका के कुन सडक, पुल, पुलेसा, मठ–मन्दिर, धार्मिक स्थान, निकुन्ज एवं संरक्षण क्षेत्र, विश्व सम्पदा सूचीमा समाविष्ट क्षेत्र, स्कूल, अस्पताल र आवासीय क्षेत्र भन्दा के कति दूरीमा ढुंगा, गिटी, बालुवा संकलन, प्रशोधन र भण्डारण गर्न दिने हो, सोको विवरण ।

(ठ) वातावरणीय प्रभाव मूल्यांकन गर्दा सिफारिस गरिएको वातावरण व्यवस्थापन योजना (Environmental Management Plan) लाई कार्यान्वयन गर्ने कार्य योजना (लाभ, लागत सहित) तयारी र यसको कार्यान्वयन गर्ने विधि तथा प्रकृया ।

(ड) नदी तथा खोलाको चौडाईलाई ३ (तीन) भागमा विभक्त (जोनिङ्ग) गरी नदि, खोलाको प्राकृतिक वहावलाई खलल नपुग्ने किसिमले संकलन गरिने विभिन्न स्थानको नक्सा र वार्षिक संकलन परिमाणको विवरण ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समितिबाट फिल्ड निरिक्षण गराई लिखित प्रतिवेदन लिई सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट पास गराउनुपर्नेछ । यसरी पास गरिएको कार्ययोजना सहित सो को प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन तयार गरी जिल्ला समन्वय समितिको सिफारिस सहित स्विकृतिको लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ । स्थानीय तहले वार्षिक कार्ययोजना प्रत्येक वर्ष आश्विन १५ गते भित्र तयार गरी स्विकृतीको लागि पेश गरी सक्नुपर्नेछ ।

(३) उपदफा (२) मा उल्लेखित समयावधी आर्थिक वर्ष २०७५/७६ को हकमा लागु हुने छैन ।

(४) प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्विकृत भए पश्चात् दफा १६ बमोजिमको निर्देशक समितिले कार्ययोजना स्वीकृती गरी सो स्वीकृत भएको जानकारी निकासी अनुमतिको प्रयोजनका लागि मन्त्रालयले सम्बन्धित स्थानीय तह (गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका) लाई उपलब्ध गराउनुपर्नेछ । वार्षिक कार्ययोजना स्विकृत भएको पन्ध्र दिन भित्र सम्बन्धित स्थानीय तहले ठेक्का बन्दोबस्तीको लागी सुचना प्रकाशन गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको कार्ययोजना स्वीकृत नगराई नदीजन्य पदार्थको उत्खनन, संकलन, भण्डारण, प्रशोधन र निकासी गर्नु गराउनु हुँदैन । कसैले कार्ययोजना विपरीत गरेको पाइएमा सम्बन्धित स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलनको लगत उठाई सो कार्य गर्नेबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. **<u>वातावरणीय अध्ययनः</u>** (१) नदीजन्य पदार्थको सङ्कलन र बिक्री गर्ने स्थानीय तहले त्यसरी सङ्कलन गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) नदीजन्य पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालन गर्नु पूर्व प्रस्तावकले प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

(३) सम्वन्धित स्थानीय तह र नदीजन्य पदार्थ सङ्कलन्, प्रशोधन र बिक्री वितरण गर्ने उद्योगले नदीजन्य पदार्थको सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (आइई) वा वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदनमा औंल्याइएका सुझाव र सुधारात्मक उपायको कार्यान्वयन गर्नु पर्नेछ ।

(४) यो कार्यविधि लागू हुनु अघि सञ्चालन भएका उद्योगले उद्योगको क्षमता वृद्दि गर्ने भएमा यो कार्यविधि प्रारम्भ भएको मितिले ६ महिनाभित्र प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराई स्वीकृति लिनु पर्नेछ । उल्लेखित अवधिभित्र स्वीकृति नलिएमा प्रदेश सरकारले जिल्ला समन्वय समितिको सिफारिसमा उद्योग सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(५) प्रचलित कानुन विपरित वातावरणीय अध्ययन बेगर कसैले नदीजन्य पदार्थ संकलन वा उद्योग संचालन गरेको पाइएमा सम्बन्धित स्थानीय तहले, संकलनको लगत कसी प्रचलित कानुन बमोजिम कारवाही तथा सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।उक्त कारवाही प्रकृया नगर्ने पदाधिकारी तथा कर्मचारीबाट लगत बमोजिमको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

७. **<u>नदीजन्य पदार्थको सङ्कलनः</u>** (१) राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रभित्रबाट नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन गर्न पाइने छैन ।

(२) राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रबाट नदीजन्य पदार्थ हटाउन आवश्यक भएमा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्र कार्यालयले प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गराई जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको शिफारिस साथ सङ्कलनको लागि स्थानिय तहमा अनुरोध गरेमा सम्बन्धित स्थानीय तहले यसै कार्यविधि बमोजिम संकलन र बिक्री वितरण गर्न सक्नेछ ।

(३) राष्ट्रिय वनको हकमा स्वीकृत वन कार्ययोजनामा उल्लेख भएको भए सोही बमोजिम र नभएको अवस्थामा जिल्ला अनुगमन तथा व्यवस्थापन समितिले स्थलगत निरीक्षण गरी आवश्यकता र औचित्य खुलाई सिफारिस गरेमा यस कार्यविधि बमोजिमको प्रक्रिया अपनाई सङ्कलन गर्ने क्षेत्र, परिमाण, समय र प्रक्रिया तोकी प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गराई सङ्कलन र बिक्री गर्न सकिनेछ । यसरी सङ्कलन गरिने स्रोतको विवरण सम्बन्धित डिभिजन वन कार्यालयको कार्ययोजनामा समावेश गरी वन पैदावार सरह अभिलेख अद्यावधिक गर्ने काम सम्बन्धित डिभिजन वन कार्यालयको हुनेछ ।

(४) चुरे क्षेत्रमा पर्ने वन क्षेत्र, सार्वजनिक क्षेत्र र निजी नम्बरी जग्गाको नदीजन्य पदार्थ सङ्कलन र बिक्री वितरण गर्दा चुरे क्षेत्रको लागि तोकिएको कार्यविधि र मापदण्ड बमोजिम हुनेछ ।

८. **<u>सूचना प्रकाशन गर्नेः</u>** (१) मन्त्रालयबाट स्विकृत कार्ययोजना र जिल्ला अनुगमन तथा व्यवस्थापन समितिले सिफारिस गरेको खोला, नदी, खहरे, खोल्सी र नदी उकास क्षेत्रबाट वार्षिक उपलब्ध हुने

नदीजन्य पदार्थको प्रकृति र संकलनको परिमाणलाई प्रदेश सरकारले तोकेको दर रेटको आधारमा न्युनतम बिक्री मुल्य कायम गरी सुचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कायम भएको बिक्री मुल्यको आधारमा नदीजन्य पदार्थ सङ्कलनको लागि पन्ध्र दिनको म्याद दिई राष्ट्रिय वा प्रदेश स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ । यस्तो सूचना सम्बन्धित स्थानीय तहको सूचना पाटीमा टाँस गरी वेभसाइटमा राख्नुका साथै बढी जनसम्पर्क हुने कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(३) अलग अलग स्थानमा घाटगद्दी गर्नु पर्ने अवस्थामा अलग अलग बिक्री मुल्य कायम गरी अलग अलग प्याकेज अनुसार दरभाउपत्र वा बोलपत्र मार्फत बिक्री वितरणको सुचना गर्न सक्नेछ ।

(४) यसरी सूचना प्रकाशन गर्दा दरभाउपत्र वा बोलपत्र खरिद र दर्ता गर्ने निकाय र स्थान, खरिद र दर्ता गर्न पाउने अन्तिम मिति, पेश गर्नु पर्ने कागजात र धरौटी रकम जम्मा गर्ने बैंक तथा खाता नम्बर, बोलपत्र खुल्ने समय सम्बन्धी विवरण उल्लेख गर्नु पर्नेछ ।

(५) दरभाउपत्र वा बोलपत्र पेश गर्दा आफूले कबोल गरेको दररेट रकमले प्रस्तावित परिमाणलाई गुणन गर्दा हुन आउने कूल कबोल रकमको पाँच प्रतिशत धरौटी बुझाएको सक्कल प्रमाण संलग्न गर्नु पर्नेछ ।

(६) अन्तिम मितिसम्म दाखिला भएका दरभाउपत्र वा बोलपत्रहरु सकेसम्म सोही दिन कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता वा बोलपत्रदाता प्रतिनिधिको रोहवरमा खोली भएको व्यहोरा खुलाई मुचुल्का उठाई सो मुचुल्कामा प्रतिनिधिहरु समेतको दस्तखत गराई राख्नु पर्नेछ। दरभाउपत्रदाता वा बोलपत्रदाताको अनुपस्थितिले तोकिएका उल्लिखित कार्य गर्न वाधा पर्ने छैन ।

(७) पहिलो पटक प्रकाशित सूचना बमोजिम कुनै पनि दरभाउपत्र वा बोलपत्र नपरेमा पूर्व प्रकाशित सूचना अनुसार कम्तिमा आधा अवधिको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ । दोस्रो पटकको सूचनामा पनि दरभाउपत्र वा बोलपत्र दाखिला नभएमा स्वीकृत दररेटमा नघट्ने गरी सङ्कलन, घाटगद्धी र बिक्रीको कार्य अमानतबाट गराउन सकिने छ । तर अघिल्लो वर्ष ठेक्का भएको भए अघिल्लो वर्षको दररेटमा नघट्ने गरी कुनै व्यवसायीसँग सम्झौता गरी कार्यदिश दिन सकिने छ ।

(८) एकमात्र दरभाउपत्र वा बोलपत्र परेको अवस्थामा त्यस्तो दरभाउपत्र वा बोलपत्र नखोली खाममा प्रतिनिधिहरुको दस्तखत गराई कायम राखी पुनः सूचना प्रकाशन गर्नु पर्नेछ ।यसरी कायम राखिएको दरभाउपत्र वा बोलपत्र पुनः प्रकाशित सूचनाको प्रावधान अनुसार दाखिला गर्न पाउने अन्तिम मितिको चौवीस घण्टा अगाडिसम्म फिर्ता माग्न आएमा बन्द अवस्थामै फिर्ता दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम पुनः प्रकाशित सूचना अनुसार म्यादभित्र फिर्ता नलगेमा पछि दाखिला भएका दरभाउपत्र वा बोलपत्रमा समावेश गरी खोली मूल्याङ्कन गर्नु पर्नेछ ।

(१०) पुनः प्रकाशित सूचना अनुसार कुनै दरभाउपत्र वा बोलपत्र नपरेमा पहिले कायम राखिएको दरभाउपत्र वा बोलपत्र खोली मूल्याङ्कन गर्नु पर्नेछ ।

(११) पहिले कायम रहेको दरभाउपत्र वा बोलपत्र फिर्ता भई पुनः एकमात्र दरभाउपत्र वा बोलपत्र परेमा सो दरभाउपत्र वा बोलपत्र खोली मूल्यांकन गर्नु पर्नेछ ।

९. **मूल्याङ्कन समितिः** (१) म्याद भित्र दाखिला भई खोलिएका दरभाउपत्र वा बोलपत्र मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले तोकेको कम्तीमा तीन सदस्यीय दरभाउपत्र वा बोलपत्र मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिले मूल्याङ्कन गर्दा प्राप्त दरभाउपत्र वा बोलपत्र मध्ये कानून बमोजिम रित पुगेका, सूचना अनुसारका सबै कागजात तथा प्रमाणहरू पूरा भएका, सबै भन्दा बढी अङ्क कबोल गर्ने दरभाउपत्र वा बोलपत्र स्वीकृतिका लागि सात दिन भित्र स्थानीय तहमा प्रतिवेदन पेश गर्नु पर्नेछ र स्थानीय तहले प्रतिवेदन प्राप्त भएको मितिले सात दिन भित्र निर्णय गर्नु पर्नेछ ।

१०. **सम्झौता, कार्यदिश र वनक्षेत्र प्रवेश इजाजत** (१) दरभाउपत्र वा वोलपत्र स्वीकृत भए पश्चात् कबोल रकम र सो मा लाग्ने कर दाखिला गरी कार्य सम्झौताको लागि सम्पर्क राख्न स्वीकृत दरभाउपत्रदाता वा वोलपत्रदातालाई सात दिनको म्याद दिई सूचना गर्नु पर्नेछ । तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजका नामको धरौटी जफत गरी क्रमशः दोस्रो र तेस्रो कबोलदातालाई रकम सहित सम्झौताको लागि आव्हान गर्नु पर्नेछ । सम्झौता नभएसम्म तेस्रो कबोलदाता सम्मको धरौटी कायम राख्नु पर्नेछ ।तर त्यसरी दोश्रो वा तेश्रो सकारकर्ताको बोलपत्र स्विकृत गर्दा पहिलो सकारकर्ताले सकारेको कबोल अंकमा जफत गरिएको धरौती रकम घटाउँदा हुन आउने भन्दा कममा बोलपत्र स्वीकृत गरिने छैन ।

(२) दफा (१) बमोजिमको रकम एकमुष्ठ बुझाउन नसकिने भनि कुनै व्यवसायीले निवेदन गर्न आएमा कवोल रकममा लाग्ने पुरै कर रकम र कबोल रकमको पचास प्रतिशत रकम दाखिला गर्न लगाई बाँकी पचास प्रतिशत कबोल रकम वापत व्यवसायीबाट ठेक्का अवधि भरको नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क" वर्गको वाणिज्य बैंकको जमानत लिई दोस्रो किस्ताको कवोल रकम दाखिला गर्नु पर्ने अवधि तोकी सम्झौता गर्न सक्नेछ ।तोकिएको अवधि भित्र दोस्रो किस्ताको रकम दाखिला नभए जमानतबाट असुल उपर गर्नु पर्नेछ ।

(३) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट सङ्कलन गरिने नदीजन्य पदार्थका हकमा स्थानीय तहले सङ्कलन गरिने खोला, नदी, खहरे, खोल्सी र नदी उकास क्षेत्रको स्थान, सङ्कलन हुने परिमाण, अवधि, सङ्कलनको प्रविधि, ढुवानीको प्रक्रिया र घाटगद्दी स्थान लगायत अन्य आवश्यक कुरा तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यादेश दिनु पर्नेछ ।

(४) संकलन गरिएको नदीजन्य पदार्थ घाटगद्धी गर्ने स्थानको व्यवस्था वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी स्थानीय तहबाट स्विकृति गराई व्यवसायी आफैले गर्नुपर्नेछ ।

(५) वन क्षेत्रबाट नदीजन्य पदार्थ सङ्कलन गर्दा ठेक्का लगाउने स्थानीय तहले ठेक्का अनुसारको राजश्व र सो मा कानून बमोजिम लाग्ने कर दाखिला गरेको प्रमाण सहित सङ्कलन गर्ने स्थान, समय, परिमाण, प्रयोग गर्ने मेशिन औजार, घाटगद्दिस्थल आदिको पूर्ण विवरण खुलाई सम्बन्धित डिभिजन वन कार्यालयसँग वन प्रवेश इजाजत माग गर्नुपर्नेछ ।

(६) डिभिजन वन कार्यालयबाट वन प्रवेश इजाजत प्राप्त भएपछि ठेक्का लगाउने स्थानीय तहले वन प्रवेश इजाजतमा उल्लिखित शर्तहरुको प्रावधान समेत समावेश गरी व्यवसायीसँग सम्झौता गरी कार्यदिश दिनु पर्नेछ ।

(७) कार्यादेश पाएका व्यवसायीले सङ्कलन् र घाटगद्दी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

(८) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज, आरक्ष, मध्यवर्ती क्षेत्र, संरक्षण क्षेत्र, वातावरण संरक्षण क्षेत्र तथा चुरे श्रृंखला र अन्य संवेदनशील क्षेत्रवाट नदीजन्य पदार्थ संकलन गर्दा डोजर, स्क्याभेटर, लोडर जस्ता हेभी इक्यूपमेन्ट प्रयोग गर्न पाइने छैन । अन्य क्षेत्रको हकमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए बमोजिमका औजार मात्र प्रयोग गर्न सक्नेछ ।

(९) नदीजन्य पदार्थ सङ्कलन गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो, स्कूल, कलेज, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि सम्बेदनशील क्षेत्र घोषणा गरी नदीजन्य पदार्थ सङ्कलनमा रोक लगाउन सक्नेछ ।

(१०) नदीजन्य पदार्थ सङ्कलन तथा घाटगद्दी गर्ने कार्य अषाढ देखि भाद्र महिनाको मसान्तसम्म गर्न पाइने छैन ।

(११) नदीजन्य पदार्थ सङ्कलन कार्य सूर्योदय देखि सूर्यास्त सम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(१२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो तथा डुबानका कारण थुप्रिएको नदीजन्य पदार्थ तत्काल हटाउनु पर्ने भएमा स्थानीय तहले जिल्ला विपद् व्यवस्थापन समिति र जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको शिफारिस सहित जिल्ला समन्वय समिति मार्फत मन्त्रालयमा पठाई मन्त्रालयको स्वीकृतिमा तोकिएका मेसिनरी औजारको प्रयोग गरी तत्काल हटाउन सक्नेछ ।

(१३) नदीजन्य पदार्थ सङ्कलन गर्ने क्रममा सङ्कलन गर्न इजाजत पाएको नदीजन्य पदार्थ बाहेक कुनै बहुमूल्य पुरातात्विक ऐतिहासिक वस्तु फेला परेमा तत्काल स्थानीय तहमा बुझाउनु पर्नेछ र स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

११. **सङ्कलन, भण्डारण र घाटगद्दीको व्यवस्था** (१) नदीजन्य पदार्थको सङ्कलन र घाटगद्दी इजाजत दिनु पहिले स्थानीय तहले नदीजन्य पदार्थहरुको सङ्कलन तथा घाटगद्दी गर्दा अपनाउनु पर्ने विधि र नापजाँच प्रक्रियाका विषयमा सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नुपर्नेछ । सङ्कलित नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थान सम्झौतामा तोक्नुपर्नेछ । घाटगद्दी तोक्दा वनक्षेत्र र अन्य क्षेत्रको अलग अलग छुट्टिने गरी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घाटगद्दी स्थान छनौट गर्दा सङ्कलन स्थलबाट न्यूनतम पाँचसय मिटरको दुरी कायम गर्नु पर्नेछ । वनक्षेत्र, सार्वजनिक जग्गा, सडक किनार र आवत जावतमा अवरोध हुने गरी घाटगद्धी गर्न पाइने छैन ।

(३) घाटगद्दी गर्दा घाटगद्दीमा आएको नदीजन्य पदार्थ नासिन, हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ ।

(४) दहत्तर बहत्तर काठ दाउराको सङ्कलन र घाटगद्दी प्रचलित ऐन, नियम र निर्देशिका बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गर्नु गराउनु हुदैंन । तोकिएको घाटगद्दी स्थानमा तोकिएका नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन । तोकिएको स्थान बाहेक अन्यत्र भण्डारण या घाटगद्दी गरे गराएमा बिक्री मूल्यको दोब्बर रकम असुल गरी यस्तो मालवस्तु स्थानीय तहले जफत गर्नेछ ।

(६) नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार गरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) कार्यादेश अनुसारको नदीजन्य पदार्थ संकलन र घाटगद्दी गर्ने कार्य सम्पन्न नभएसम्म व्यवसायीले बिक्री गर्न पाउने छैन । बिक्री गरेको पाइएमा स्थानीय तहले बिक्री मूल्यको दोब्बर रकम असुल गरी ठेक्का रद्द गर्न सक्नेछ ।

(८) स्थानीय तहले नदीजन्य पदार्थ सङ्कलन र बिक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नु पर्नेछ र बर्षको कम्तिमा तीन पटक जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहबरमा घाटगद्दी स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(९) सम्झौता बमोजिम नदी, खोला, खहरे, खोल्सा र नदी उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदीजन्य पदार्थको मासिक विवरण प्रत्येक महिनाको ७ गतेभित्र व्यवसायीले ठेक्का लगाउने स्थानीय तहमा पठाउनु पर्नेछ ।

## परिच्छेद ४

## नदीजन्य पदार्थ र दहत्तर बहत्तर बिक्री तथा राजस्व बाँडफाँड

१२. <u>नदीजन्य पदार्थको सदुपयोगः</u> (१) सम्झौता अनुसार घाटगद्दिको कार्य सम्पन्न भएपछि व्यवसायीले अन्तिम जाँचको लागि स्थानीय तहमा निवेदन दिनु पर्नेछ र स्थानीय तहले नदीजन्य पदार्थ सङ्कलन गर्ने क्षेत्रको जिल्ला अनुगमन तथा व्यवस्थापन समितिबाट अन्तिम जाँच गराउनु पर्नेछ । उक्त कार्य व्यवसायीबाट निवेदन परेको सात दिनभित्र गराई सक्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ सङ्कलन गर्दा सम्झौता र यस कार्यविधीको प्रतिकूल भए नभएको कुरा जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको अन्तिम जाँच प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(३) अन्तिम जाँच सम्पन्न भएपछि व्यवसायीले स्थानीय तहबाट बिक्री स्वीकृति लिई सम्झौता बमोजिमको परिमाणबाट घाटगद्दीमा संकलित नदीजन्य पदार्थ बिक्री गर्न पाउने छ ।

(४) तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट नदीजन्य पदार्थ सङ्कलन, उत्खनन् गरेको पाइए जिल्ला अनुगमन तथा व्यवस्थापन समितिले क्षतिको मूल्याङ्कन गरी सोही आधारमा दोब्बर मुल्य कायम गरी असुल उपर र पुर्नस्थापना गर्न सम्बन्धीत स्थानीय तहमा शिफारिस गर्नु पर्नेछ ।

(५) सम्बन्धित स्थानीय तहले उपदफा (४) बमोजिम गरेको कारवाहीको जानकारी जिल्ला अनुगमन तथा व्यवस्थापन समितिलाई गराउनु पर्नेछ ।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यहोरा लेखिएको भएतापनि वार्षिक कार्ययोजनाको अधिनमा रही राष्ट्रिय गौरवका आयोजना वा राष्ट्रिय प्राथमिकता प्राप्त वा प्रदेश सरकारले तोकेका प्रादेशिक गौरवका आयोजनाहरुका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ सम्बन्धित आयोजनाको अनुरोधमा जिल्ला अनुगमन

तथा व्यवस्थापन समितिले तोकेको स्थानबाट तोकेको परिमाणमा प्रदेश सरकारले निर्धारण गरेको दररेटमा कानून बमोजिम लाग्ने कर समेत जोडी स्थानीय तहले आयोजनालाई सङ्कलन अनुमति दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम सङ्कलन हुने नदीजन्य पदार्थ स्थानीय तहले तोकेको स्थानमा घाटगद्दी गर्नु पर्नेछ । घाटगद्दी प्रक्रिया यसै कार्यविधिको दफा ११ बमोजिम हुनेछ ।घाटगद्दीबाट नदीजन्य पदार्थ उठाउँदा यसै परिच्छेदको प्रक्रिया पूरा गरी लैजानु पर्नेछ ।

(८) नदीजन्य पदार्थ उपलब्धताका आधारमा अन्तर प्रदेश निकासी गर्न पाइने छ ।

१३. <u>नदीजन्य पदार्थको राजस्व दररेट र बाँडफाँडः</u> (१) दहत्तर बहत्तर काठ दाउरा बाहेकका नदीजन्य पदार्थको राजस्वको दररेट प्रदेश सरकारले तोके बमोजिम हुनेछ । अन्य शुल्कहरु प्रदेश आर्थिक ऐन वा प्रचलित कानून बमोजिम लाग्नेछन् । दहत्तर बहत्तर काठ दाउराको बिक्री वितरण र आम्दानीको बांडफांड प्रचलित वन ऐन र नियमावलीको व्यवस्था अनुरुप हुनेछ ।

(२) नदीजन्य पदार्थको बिक्रीबाट प्राप्त हुने प्राकृतिक श्रोत कर प्रचलित प्रदेश आर्थिक ऐन बमोजिम सम्बन्धित स्थानीय तहले साठी प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गरी बाँकी चालिस प्रतिशत रकम मासिक रूपमा प्रदेश सरकारको सञ्चित कोषमा दाखिला गरी सो को विवरण सहितको जानकारी आर्थिक मामिला तथा योजना मंत्रालयमा पेश गर्नु पर्नेछ ।

(३) स्थानीय तहले नदीजन्य पदार्थको बिक्रीबाट आफूलाई प्राप्त रकमको कम्तीमा पन्ध्र प्रतिशत रकम नदीजन्य पदार्थ सङ्कलन गर्दा प्रभावित हुने क्षेत्रका समुदाय वा खोला नदी किनार संरक्षणका कार्यमा योजना बनाई खर्च गर्नु पर्नेछ ।

(४) व्यक्तिको निजी जग्गामा रहेको नदीजन्य पदार्थ सम्बन्धित जग्गाधनिको निजी काम बाहेक व्यवसायिक रुपमा बिक्री गर्न अनुमती माग भएमा वातावरणीय प्रतिवेदनको आधारमा जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको सिफारिसमा स्थानीय तहले प्रदेश सरकारबाट तोकिएको शुल्क लिई अनुमति दिन सक्नेछ ।

## परिच्छेद ५
## नदीजन्य पदार्थको ओसारपसार र ढुवानी सम्बन्धी व्यवस्था

१४. <u>ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्थाः</u> (१) नदीजन्य पदार्थको ओसारपसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) पानीले भिजेको र पानी चुहिने ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर बोकेर ढुवानीका साधन पक्की सडकमा गुडाउन पाईने छैन ।

(ख) ढुवानीका साधनले वहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्यून विजकीकरण ढुवानीका साधन सडकमा गुडाउन र नछोपी खुल्ला रूपले ढुवानी गर्न पाईने छैन ।

(ग) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा संचय गरीराख्न पाईने छैन । ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर आदि बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाईने छैन ।

(घ) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर ढुवानी गर्दा सडकको मापदण्ड, भारवहन क्षमता हेरी शहरी क्षेत्रमा ढुवानी गर्ने सम्बन्धमा प्रदेश सरकारले विशेष व्यवस्था गरी लागू गर्न सक्नेछ ।

(ङ) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिबाट बाक्लो त्रिपालले ढाकी ढुवानी गर्नुपर्नेछ ।ढुवानी गर्दा अस्पताल, विद्यालय, अन्य शैक्षिक संस्था भएको क्षेत्र तथा बस्तीहरूमा द्रुत गतिमा ढुवानीका साधन चलाउन, प्रेसर हर्न बजाउन र फोहर गर्न पाइनेछैन ।

(च) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर निकासी गर्न स्थानीय तहले प्रदेश सरकार, सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन, २०७५ को अनुसूची ६ वमोजिम तोकिएको दस्तुर लिई निकासीकर्तालाई पासबुक (Passbook) तथा निकासी पूर्जी उपलव्ध गराउनेछ । यसरी निकासी पूर्जी वमोजिम निकासी हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान सम्बन्धित स्थानीय तहबाट तोकिएको कर्मचारीले दरपिठ गरि छाडिदिनुपर्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले भण्डारण वा घाटगद्दी क्षेत्रमा वा आवश्यकता अनुसार अन्य क्षेत्रमा भारबहन क्षमता मापन मेशिन राखी कार्यान्वयन गर्न सक्नेछ ।

(३) अन्तर स्थानीय तह वा अन्तर प्रदेशमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाईने छैन ।

(४) ओसारपसार तथा ढुवानी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**१५. निषेधित कार्यहरू:** (१) यस कार्यविधि बमोजिम देहायका कार्यहरू निषेध गरिएको छ ।

(क) प्रचलित कानून बमोजिम बाहेक नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा त्यस्तो उद्योग सञ्चालन गर्न ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी नदीजन्य पदार्थको सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

(ग) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका शर्त उल्लङ्घन गर्न ।

(घ) नदीजन्य पदार्थको सङ्कलन, भण्डारण र प्रशोधनको कार्यगर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

(ङ) तोकिएको स्थान बाहेक अन्य स्थानमा स्थानान्तरण र उद्योग सञ्चालन गर्न ।

(च) कुनै एक विषयमा सङ्कलन गर्न वा उद्योग दर्ता गरी अनुमति लिएका उद्योगले अर्को उद्देश्य वा प्रयोजनको उद्योग सञ्चालन गर्न पाउने छैन । त्यसरी फरक फरक कामको लागि उद्योग सञ्चालन गर्नु पर्ने भए फरक फरक विषयको छुट्टाछुट्टै अनुमति पत्र लिनु पर्नेछ ।

(छ) अनुमति विपरित र स्वीकृत प्राप्त भएको भन्दा बढी सङ्कलन र प्रशोधन गर्न ।

(ज) पुरातात्विक, धार्मिक तथा सौन्दर्यीकरणको महत्वका बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन्, सङ्कलन तथा बिक्री वितरण गर्न र स्वरूप परिवर्तन हुने गरी कुनै पनि कृयाकलाप सञ्चालन गर्न।

(झ) कार्यविधि विपरित वा अनुमति नलिइ उत्खनन, सङ्कलन/ओसारपसार, विक्री वितरण तथा उद्योग सञ्चालन गर्न र स्थानीय जैविक विविधतामा उल्लेखनीय प्रतिकूल असर पार्न।

(ञ) नदी किनारमा निर्मित पुर्वाधारजन्य संरचनाको स्वरूप परिवर्तन हुने गरी स्वरूप विगार्न र हानी नोक्सानी हुने अन्य कुनै कार्य गर्न ।

(२) उल्लेखित निषेधित कार्य गरेको पाइएमा सम्बन्धित स्थानीय तह वा मन्त्रालयले त्यस्ता उद्योगहरूलाई प्रचलित कानून वमोजिम कार्वाही गरी विद्युत, खानेपानी, संचार समेतका सुविधा विच्छेद गर्न आदेश दिनेछ । यस्तो आदेश पालना गर्न सहयोग गर्नु सम्बन्धित निकायको दायित्व हुनेछ ।

(३) उपदफा (१) बमोजिमका निषेधित कार्यहरू प्रचलित कानूनमा व्यवस्था भए बमोजिम दण्डनीय हुनेछन् ।

## परिच्छेद ६
## अनुगमन तथा मुल्यांकन

१६. <u>निर्देशक समितिको गठन:</u> (१) नदीजन्य पदार्थको सङ्कलन, भण्डारण, ओसारपसार र बिक्री वितरण तथा यी पदार्थमा आधारित उद्योगको अनुगमन, मुल्यांकन तथा नियमन गर्न गराउनका लागि एक प्रादेशिक निर्देशक समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रादेशिक निर्देशक समितिमा देहाय बमोजिमका पदाधिकारी रहने छन् ।

(क) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय – संयोजक

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय – सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय – सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय – सदस्य

(ङ) वातावरण हेर्ने महाशाखा प्रमुख, मन्त्रालय – सदस्य

(३) प्रादेशिक निर्देशक समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

(क) नदीजन्य पदार्थको सङ्कलन, भण्डारण, प्रशोधन तथा बिक्रीवितरण सम्बन्धमा अनुगमन गरी प्रदेश सरकारलाई सुझाव दिने साथै अन्तर–प्रदेश मन्त्रालय, स्थानीय तहहरूबीच समन्वय गर्ने ।

(ख) यस सम्बन्धी प्रादेशिक नीति, नियम, मापदण्ड तर्जुमा, नियमन, संशोधनका लागि प्रदेश सरकारलाई सुझाव दिने ।

(ग) यस सम्बन्धी अन्तरस्थानीय तहमा कुनै विवाद भए समन्वय गरी निरूपण गर्ने ।

(घ) अन्तरप्रदेश विवाद भएमा मन्त्रालय मार्फत् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विवादको विषय पेश गर्ने ।

(ङ) आवश्यकता अनुसार समितिले थप कार्यविवरण आफै बनाई लागू गर्ने ।

(च) आवश्यकतानुसार समितिले विज्ञ वा अन्य आवश्यक देखिएका व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

१७. <u>जिल्ला अनुगमन तथा व्यवस्थापन समिति</u> (१) नदीजन्य पदार्थ सङ्कलन वा उद्योग स्थापना र सञ्चालन कार्यको प्रस्ताव कार्यान्वयन हुनुपूर्व, कार्यान्वयन गर्दा र कार्य सम्पन्न भैसकेपछि वातावरणमा पर्ने प्रभावको अध्ययन, विश्लेषण गरी सुझाव दिनका लागि देहाय वमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति रहनेछ ।

१) जिल्ला समन्वय समितिको प्रमुख – संयोजक

२) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

३) जिल्ला प्रहरी प्रमुख – सदस्य

४) डिभिजनल वन अधिकृत – सदस्य

५) जल उत्पन्न प्रकोप कार्यालयका प्रमुख वा सो कार्यालय नभएको जिल्लामा डिभिजन सिंचाई कार्यालयको प्रमुख– सदस्य

६) जिल्ला घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय प्रमुख –सदस्य

७) भू तथा जलाधार व्यवस्थापन कार्यालय रहेको जिल्लामा कार्यालय प्रमुख – सदस्य

८) वाणिज्य कार्यालय रहेको जिल्लामा वाणिज्य कार्यालयको प्रमुख – सदस्य

९) जिल्ला समन्वय अधिकारी – सदस्य–सचिव

समितिले कुनै निकायको प्रतिनिधि वा विज्ञलाई आवश्यकता अनुसार समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

(क) नदीजन्य पदार्थ सङ्कलन हुने क्षेत्रहरुको स्थलगत सर्वेक्षण गरी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन (IEE/EIA) को प्रावधान र ती प्रतिवेदन स्वीकृत वा कार्यान्वयन भएपछि आएका परिवर्तन समेतको लेखाजोखा गरी नदीजन्य पदार्थ सङ्कलन गर्न सकिने स्थानको नक्शा सहितको विवरण, निकाल्न सकिने नदीजन्य पदार्थको किसिम र परिमाण समेत यकिन गरी सम्बन्धित स्थानीय तहमा प्रतिवेदन पेश गर्ने ।

(ख) जिल्ला भित्र स्थापना हुने उद्योगले वातावरण, कृषि, मानवबस्ती, पानीका मूल, ताल, ऐतिहासिक तथा धार्मिक पोखरी, महत्वपूर्ण स्रोत सम्पदा र भौतिक संरचना लगायतमा पार्न सक्ने प्रभाव बारे प्रस्ताव, वातावरणीय प्रतिवेदनको अध्ययन, फिल्ड निरीक्षण गरी जिल्ला समन्वय समिति मार्फत मन्त्रालयलाई राय सुझाव दिने ।

(ग) जिल्लामा सञ्चालित नदीजन्य पदार्थमा आधारित उद्योगले सञ्चालनका क्रममा वा सञ्चालन पश्चात् पार्ने असर बारे अध्ययन, निरीक्षण गरी प्रतिवेदन दिने ।

(घ) नदीजन्य पदार्थ सङ्कलन, घाटगद्दी, ढुवानी र बिक्री सम्बन्धी स्थानीय तहको कार्ययोजना कार्यान्वयन पूर्व, कार्यान्वयन चरण र कार्य सम्पन्न भैसकेपछि पर्न सक्ने सामाजिक, आर्थिक र वातावरणीय प्रभावबारे अध्ययन, निरीक्षण र विश्लेषण गरी प्रतिवेदन दिने ।

(ङ) नदीजन्य पदार्थको सङ्कलन, प्रशोधन र विक्री वितरण सम्बन्धी प्रस्ताव सम्बन्धमा स्थानीय तहबाट अनुरोध भै आएमा अध्ययन, निरीक्षण गरी राय सुझाव दिने ।

(च) नदीजन्य पदार्थको सङ्कलन, भण्डारण र प्रशोधनको कार्य कानूनसम्मत कार्यान्वयन भए नभएको हेरी नियमन गर्नका लागि मन्त्रालयलाई सिफारिस गर्ने ।

(छ) सडकको भारवाहन क्षमता भन्दा बढी ओसारपसार भएमा वा स्वीकृत मापदण्ड वा स्थानीय तहसँग भएको सम्झौता विपरित सङ्कलन र प्रशोधन वा विक्री भएमा नियमन गर्ने व्यवस्था मिलाउने ।

(ज) अन्तर स्थानीय तह वा अन्तर जिल्ला क्षेत्राधिकार वा यस सम्बन्धी अन्य कुनै विषयमा कुनै विवाद भए समाधानका लागि समन्वय गर्ने । आफ्नो तहबाट हुन नसक्ने भए प्रादेशिक निर्देशक समितिमा सिफारिस गर्ने ।

(झ) निकासी प्रर्वद्धन तथा वातावरणीय सन्तुलनका दृष्टिकोणबाट नदीजन्य पदार्थको संकलन, प्रशोधन, भण्डारण, ओसारपसार र निकासीमा अपनाउनु पर्ने थप व्यवस्था वा स्थानीय मापदण्डको लागि मन्त्रालयलाई सिफारिश गर्ने ।

(ञ) नदीजन्य पदार्थ संकलन, प्रशोधन, ओसारपसार र निकासी सम्बन्धमा सम्बन्धित तहबाट प्राविधिक पक्षको जाँचबुझ गर्न र राय प्रतिवेदन माग भएमा राय सुझाव दिने ।

(ट) स्वीकृत कार्ययोजना र प्रचलित कानून विपरित गर्नेलाई कारवाही गर्न सम्बन्धित स्थानीय तहलाई सिफारिस गर्ने ।

१८. <u>स्थानीय अनुगमन समितिः</u> (१) स्थानीय तहले स्थानीय स्तरमा सङ्कलन, भण्डारण, क्रसिङ र विक्रीवितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन गर्न एवं स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवं गुणस्तर सुनिश्चित गर्न स्थानीय तहको प्रमुख वा अध्यक्षको नेतृत्वमा अनुगमन समिति गठन गर्नेछ।

(२) स्थानीय अनुगमन समितिको संरचना र कार्यविवरण स्थानीय तहको सभाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद ७
## विविध

१९. <u>वातावरणीय पुर्नस्थापनाः</u> (१) संकलन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भईसकेपछि हरियाली प्रवर्द्धन, तटबन्ध निर्माण, थिग्रयाउने पोखरी निर्माण, खोलाको बहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू– तथा जलाधार संरक्षण जस्ता पुनसर्स्थापनाका कार्यहरू गर्न सम्बन्धित स्थानीय तहले प्रारम्भिक

वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन समेतको आधारमा योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(२) नदीजन्य पदार्थ सङ्कलन कार्यबाट वातावरण, गाउँ बस्ती, कृषि भूमि, वन क्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला, नदी र आसपासका क्षेत्रको भू–बनौट, प्राकृतिक सुन्दरता, वन जंगल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न जिल्ला अनुगमन तथा व्यवस्थापन समितिको सिफारिसमा स्थानीय तहले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरूत्थानको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

२०. **विविधः** (१) यो कार्यविधि लागू हुनुपुर्व सञ्चालनमा रहेका उद्योगले कार्यविधी लागू भएको मितिले एक महिनाभित्र आफ्नो उद्योगमा रहेको कच्चा वा प्रशोधित माल वस्तुको परिमाण सहितको विवरण, प्राप्तिको स्रोत, चालु आ.व. को बिक्री वितरणको परिमाण र भावी योजना सहितको प्रतिवेदन स्थानीय तह, जिल्ला अनुगमन तथा व्यवस्थापन समिति र मन्त्रालयमा पेश गर्नुपर्नेछ । तत्पश्चात् सङ्कलन तथा घाटगद्दीमा भएको मौज्दातको विवरण मासिक रूपमा सम्बन्धित स्थानीय तह र मन्त्रालय मातहतको उद्योग हेर्ने निकाय र जिल्ला अनुगमन तथा व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

(२) स्लेट ढुङ्गा उत्खनन स्थल सम्बन्धित स्थानीय तहबाट अनुमति लिई वातावरणीय पक्षलाई ध्यान दिई व्यवस्थित ढङ्गले प्रचलित कानून बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

(३) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान खानीको रूपमा सञ्चालन गर्नुपर्ने भएमा नेपाल सरकारले व्यवस्था गरे अनुसार हुनेछ ।

(४) यो कार्यविधी पालन गर्ने गराउने कार्यमा प्रादेशिक निर्देशक समिति, जिल्ला अनुगमन तथा व्यवस्थापन समिति र स्थानीय अनुगमन समितिलाई स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तरको, सङ्कलन, बिक्री वितरण तथा क्रसर उद्योगमा काम गर्ने मजदुरको वीमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामग्री सम्बन्धी व्यवस्था सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ ।

२१. **थपघट तथा हेरफेरः** (१) यो कार्यविधि आवश्यकता अनुसार प्रदेश सरकारले संशोधन गर्न सक्नेछ ।

२२. **बाधा अड्काउ, फुकाउः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा प्रदेश सरकारले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

२३. **खारेजी र बचाउः** (१) यो कार्यविधि लागू हुनु पहिले नदीजन्य पदार्थको सङ्कलन, विक्री वितरण तथा नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना सञ्चालन सम्बन्धमा भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(२) यो कार्यविधिले गरेको व्यवस्था प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

## अनुसूची– १

नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढाँचा

*(दफा ३ को उपदफा १ संग सम्बन्धित)*

श्री अध्यक्ष / प्रमुखज्यू ।

.......................................गा.पा. / न.पा. / उ.म.न.पा.

...................................................................

**विषयः– अनुमतिपत्र पाउँ भन्ने बारे ।**

महोदय,

देहाय बमोजिमको उद्योग सञ्चालन गर्न इच्छुक भएकोले मेरो/हाम्रो फर्म/कम्पनीलाई अनुमतिपत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदनपत्र पेश गरेको छु/छौं । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानून बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नामः–

२. फर्मको पूरा ठेगानाः–

३. उद्योग सञ्चालन गर्ने स्थान (जि.पि.एस. प्वाइण्ट समेत) –

४. उद्देश्यः–

५. पूँजीः–

६. कारोबार गर्ने चीज तथा कामको विवरणः–

७. संलग्न कागजातहरूः– (फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, नवीकरण गरेको प्रमाण, स्वघोषणा सम्बन्धी कागज, कारोबार स्थल जाने बाटो सहितको खेस्रा नक्सा)

दरखास्तवालाको नामः

सहीः

दर्जाः

नागरिकता नम्बरः

सम्पर्क नम्बरः

*इति सम्वत् २०............ साल ........ गते रोज............. शुभम्*

**अनुसूची– २**

नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालनको अनुमति पत्रको ढांचा

*(दफा ३ को उपदफा २ संग सम्बन्धित)*

................. उ.म.न.पा./न.पा./गा.पा. को कार्यालय

................................

**अनुमतिपत्र**

श्री .............................

...........................................

महाशय,

तपाईको फर्म / कम्पनीले ............... सम्बन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नुभएको निवेदन र संलग्न कागजात उपर कारवाही हुँदा मिति ......................... को निर्णयानुसार .......................... कार्य गर्नेगरी यो अनुमतिपत्र दिईएको छ । प्रचलित कानून बमोजिम गर्नु गराउनु होला ।

१. अनुमति प्राप्त गर्ने फर्म कम्पनीको नामः

२. फर्म/कम्पनी संचालकको नामः

३. ठेगानाः

४. फर्म कम्पनी सञ्चालन हुने स्थानः

५. चार किल्लाः

अनुमतिपत्र प्रदान गर्ने अधिकृतको

नामः

दर्जाः

दस्तखतः

मितिः

*द्रस्टव्यः यो अनुमतिपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन नियमानुसार दस्तुर लाग्नेछ ।*

## अनुसूची– ३

नदीजन्य पदार्थको सङ्कलन सम्बन्धि मापदण्ड

*(दफा ४ संग सम्बन्धित)*

| क्र.सं. | विवरण | तराई भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| (क) | तालतलैया र धार्मिक महत्वका पोखरी | १ कि. मि. बाहिर | ६०० मि. बाहिर |
| (ख) | हाईटेन्सन लाईनबाट | १ कि. मि. बाहिर | ५०० मि. बाहिर |
| (ग) | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २ कि.मि. बाहिर | १.५ कि. मि. बाहिर |
| (घ) | निकुञ्ज, आरक्ष क्षेत्र | १.५ कि.मि. बाहिर | ७०० मि. बाहिर |
| (ङ) | घनाबस्तिबाट | १.५ कि.मि. बाहिर | ७०० मि. बाहिर |
| (च) | बन क्षेत्रबाट | १.५ कि मि. बाहिर | ७०० मि. बाहिर |
| (छ) | पक्की एवं झोलुंगे पुलबाट | १ कि. मि. बाहिर | ५०० मि. बाहिर |
| (ज) | राजमार्गबाट | १ कि. मि. बाहिर | ३०० मि. बाहिर |
| (झ) | अन्तर्राष्ट्रिय सिमानाभित्र | कम्तिमा २ कि.मि. बाहिर | कम्तिमा १.५ कि.मि. बाहिर |

## अनुसूची – ४

### नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धि मापदण्ड

*(दफा ४ संग सम्बन्धित)*

| क्र.सं. | विवरण | तराई भित्री मधेशमा | पहाडी क्षेत्रमा |
|---|---|---|---|
| क. | नदी, खोलाको वर्षातको प्रवाह सीमा किनार | १ कि. मि. बाहिर | ६०० मि. बाहिर |
| ख. | तालतलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्र | १.५ कि. मि. बाहिर | १ कि. मि. बाहिर |
| ग. | हाईटेन्सन लाईनबाट | ७०० मि. | ५०० मि. |
| घ. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २ कि.मि. बाहिर | १.५ कि.मि. बाहिर |
| ङ. | निकुञ्ज, आरक्ष क्षेत्र | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| च. | घनाबस्तिबाट | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| छ. | वन क्षेत्रबाट | २ कि.मि. बाहिर | १ कि.मि. बाहिर |
| ज. | पक्की एवं झोलुंगे पुलबाट | १ कि. मि. बाहिर | ७०० मि. बाहिर |
| झ. | राजमार्गबाट | १ कि. मि. बाहिर | ७०० मि. बाहिर |
| ञ. | अन्तर्राष्ट्रिय सिमानाभित्र | कम्तिमा २ कि.मि. बाहिर | कम्तिमा १.५ कि.मि. बाहिर |

# अनुसूची – ५

## नदीजन्य पदार्थमा आधारित उद्योगले पेश गर्नुपर्ने वार्षिक विवरणको नमुना

*(दफा ३ को उपदफा ८ संग सम्बन्धित)*

**उद्योगको नाम र ठेगाना**

**वार्षिक विवरण**

**आ. व. ........**

| नदीजन्य पदार्थको आम्दानी सम्बन्धी विवरण | | | | | | नदीजन्य पदार्थको बिक्री सम्बन्धी विवरण | | | | नदीजन्य पदार्थको मैज्दात सम्बन्धी विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | नदीजन्य पदार्थको श्रोत | मिति | नदिजन्य पदार्थको नाम | परिमाण (घ.फि. वा घ. मि.) | कैफियत | सि.नं. | नदिजन्य पदार्थको नाम | परिमाण (घ.फि. वा घ. मि.) | कैफियत | सि.नं. | नदिजन्य पदार्थको नाम | परिमाण (घ.फि. वा घ. मि.) | कैफियत |
| | | | ढुंगा | | | | | | | | | | |
| | | | गिटी | | | | | | | | | | |
| | | | बालुवा | | | | | | | | | | |
| | | | मिस्कट | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

तयार गर्ने
नाम र पद
हस्ताक्षर
मिति

प्रमाणित गर्ने
नाम र पद
हस्ताक्षर
मिति
उद्योगको छाप